# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ४, असार ३ गते, २०७९ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।३।३

व्यास नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा २ (ठ) "शाखा" व्यास नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा सम्झनु पर्छ भन्नेको सट्टा "शाखा" भन्नाले व्यास नगरपालिकाको कृषि, पशु तथा सहकारी विकास शाखा सम्झनु पर्छ राखी संशोधन गरिएको छ ।

२. दफा ६ (१) "टोल विकास संस्थाहरुको पदावधि चार वर्षको हुनेछ । चार वर्ष पुग्ने अन्तिम तीन महिना भित्र नयाँ कार्यसमितिको निर्वाचनका लागि साधारण सभा बोलाउनुपर्ने हुन्छ । यदि चार वर्ष भित्र कार्यसमितिले साधारण सभा नबोलाएमा चार वर्ष पुगेपछि उक्त कार्यसमितिको नाम स्वतः समाप्त हुनेछ । त्यस्तो अवस्थामा वडा समितिले तदर्थ समिति गठन गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्नुपर्नेछ । तदर्थ समितिले तीन महिना भित्र नयाँ समिति गठनका लागि साधारण सभा बोलाउनुपर्नेछ । सो अवधिमा पनि टोल विकास संस्थाको कार्यसमिति गठन हुन नसकेमा अर्को तदर्थ समिति गठन हुन सक्नेछ" **भन्नेको सट्टा** "टोल विकास संस्थाहरुको पदावधि **तीन** वर्षको हुनेछ । **तीन** वर्ष पुग्ने अन्तिम तीन महिना

भित्र नयाँ कार्यसमितिको निर्वाचनका लागि साधारण सभा बोलाउनुपर्ने हुन्छ । यदि **तीन** वर्ष भित्र कार्यसमितिले साधारण सभा नबोलाएमा **तीन** वर्ष पुगेपछि उक्त कार्यसमितिको नाम स्वतः समाप्त हुनेछ । त्यस्तो अवस्थामा वडा समितिले तदर्थ समिति गठन गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्नुपर्नेछ । तदर्थ समितिले तीन महिना भित्र नयाँ समिति गठनका लागि साधारण सभा बोलाउनुपर्नेछ । सो अवधिमा पनि टोल विकास संस्थाको कार्यसमिति गठन हुन नसकेमा अर्को तदर्थ समिति गठन हुन सक्नेछ" राखी संशोधन गरिएको छ ।

३. **दफा ७ (ठ)** "टोल विकास संस्थाले व्यवसायिक कर उठाउने अभियानमा नगरपालिकाले मागेको सहयोग प्रदान गर्ने" थप गरिएको छ ।

४. **दफा ७ (ड)** "फोहोर मैला व्यवस्थापन कार्यमा नगरपालिकालाई सहयोग पुऱ्याउने" थप गरिएको छ ।

५. **दफा ७ (ढ)** "वडामा वा टोलमा सञ्चालित स्वास्थ्य सम्बन्धी शिविर लगायतका कार्यमा सहयोग पुऱ्याउने" थप गरिएको छ ।

६. **दफा १३ (३)** "हरेक वर्ष टोल संस्थाहरु मध्ये उत्कृष्ट कार्य गर्ने सबै वडाका न्यूनत्तम एकएक टोल विकास संस्थालाई नगरपालिकाबाट पुरस्कृत गरिने छ ।" थप गरिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत